# गाउँ पालिका

## गाउँ सभाको गठन

## गाउँ कार्यपालिकाको गठन

| पद | सङ्ख्या | | पद | सङ्ख्या |
|---|---|---|---|---|
| गाउँपालिका अध्यक्ष | १ | | गाउँपालिका अध्यक्ष | १ |
| गाउँपालिका उपाध्यक्ष | १ | | गाउँपालिका उपाध्यक्ष | १ |
| प्रत्येक वडाबाट एक-एक जनाको दरले निर्वाचित अध्यक्ष | ५-२१ सम्म | | प्रत्येक वडाबाट एक-एक जनाको दरले निर्वाचित अध्यक्ष | ५-२१ सम्म |
| प्रत्येक वडाबाट २ महिलासहित ४/४ जना सदस्य<br>• ५-२१ × ४ | वडा संख्याको आधारमा | | सबै वडाका निर्वाचित सदस्यमध्ये बाट<br>• ४ जना महिला र<br>• २ जना दलित तथा सदस्य अल्पसङ्ख्यक निर्वाचित हुने छन् । (सोही गाउँ सभाले यी सदस्यहरू निर्वाचित गर्ने छ ।) | ६ |
| दलित तथा अल्पसङ्ख्यक सदस्य (यस्ता सदस्यहरू गाउँसभा सदस्यद्वारा निर्वाचित हुने छन् ।) | २ | | | |
| जम्मा :- गाउँपालिका मा कम्तीमा ५ र बढीमा २१ वडा सम्म रहने व्यवस्था रहेको छ । | | | जम्मा :- वडा संख्याको आधारमा | |

न्यायिक समितिः प्रत्येक गाउँपालिकामा १ न्यायिक समिति रहने छ । यसले स्थानीय क्षेत्रको विवाद समाधान गर्ने भूमिका खेल्ने छ। न्यायिक समिति ३ सदस्यीय हुने छ।

- गाउँपालिकाको उपाध्यक्ष - १
- गाउँ सभाबाट निर्वाचित सदस्यमध्येबाट २
- जम्मा :- ३ जना

# नगरपालिका

## नगर सभाको गठन

## नगरकार्यपालिकाको गठन

| पद | सङ्ख्या | | पद | सङ्ख्या |
|---|---|---|---|---|
| नगर प्रमुख | १ | | नगर प्रमुख | १ |
| नगर उपप्रमुख | १ | | नगर उपप्रमुख | १ |
| प्रत्येक वडाबाट एक-एक जनाको दरले निर्वाचित अध्यक्ष | ९- ३५ सम्म | | प्रत्येक वडाबाट एक-एक जनाको दरले निर्वाचित अध्यक्ष | ९- ३५ सम्म |
| प्रत्येक वडाबाट २ महिलासहित ४/४ जना सदस्य<br>● ९- ३५ × ४ | वडा संख्याको आधारमा | | सबै वडाका निर्वाचित सदस्यमध्ये बाट<br>● ५ जना महिला र<br>● ३ जना दलित तथा सदस्य अल्पसङ्ख्यक निर्वाचित हुने छन् । (सोही नगरसभाले यी सदस्यहरू निर्वाचित गर्ने छ ।) | ८ |
| दलित तथा अल्पसङ्ख्यक सदस्य (यस्ता सदस्यहरू नगरसभा सदस्यद्वारा निर्वाचित हुने छन् ।) | ३ | | | |
| जम्मा :- नगरपालिकामा कम्तीमा ९ र बढीमा ३५ वडा सम्म रहने व्यवस्था रहेको छ । | | | जम्मा :- वडा संख्याको आधारमा | |

न्यायिक समितिः प्रत्येक नगरपालिकामा १ न्यायिक समिति रहने छ । यसले स्थानीय क्षेत्रको विवाद समाधान गर्ने भूमिका खेल्ने छ। न्यायिक समिति ३ सदस्यीय हुने छ।

- नगरपालिकामा उपाध्यक्ष/ उपप्रमुख - १
- नगरसभाबाट निर्वाचित सदस्यमध्येबाट २
- जम्मा :- ३ जना

# काम, कर्तव्य तथा अधिकार

*(1) सङ्घीय सरकारको काम, कर्तव्य तथा अधिकार:*

नेपालको सम्पूर्ण कार्यकारिणी अधिकार सङ्घीय सरकारमा रहेको हुन्छ। त्यसैले यसले सम्पूर्ण कार्यहरू 'नेपाल सरकार' को नाममा हुने छन् । नेपालको संविधानमा धारा: ५७) सङ्घीय सरकारले गर्ने काम, कर्तव्य तथा अधिकारहरू निम्नअनुसार तोकिएका छन्

१. राष्ट्रलाई आवश्यकता परेको खण्डमा सेना परिचालन गर्ने,
२. केन्द्रीय प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय गुप्तचर तथा अनुसन्धानसम्बन्धी कार्य गर्ने,
३. परराष्ट्र नीति, कूटनीतिक सम्बन्ध तथा संयुक्त राष्ट्रसङ्घसँग सम्बन्धित कार्य गर्ने,
४. अन्तर्राष्ट्रिय सन्धि सम्झौता तथा सीमासम्बन्धी कार्य गर्ने,
५. विदेशी सहयोग, अनुदान तथा ऋणसम्बन्धी कार्य गर्ने,
६. नेपाल राष्ट्र बैङ्कको परिचालन तथा मुद्रा छपाइको कार्य गर्ने,
७.ठुला विद्युत्, सिँचाइ, यातायात, सञ्चार आदि राष्ट्रिय स्तरका आयोजनाहरू परिचालन गर्ने
८. • नागरिकता तथा भिजा (Visa) सम्बन्धी नीति निर्माण गर्ने,
९. सर्वोच्च, उच्च तथा जिल्ला अदालतसम्बन्धी कानुन निर्माण गर्ने,
१०. अन्तर्राष्ट्रिय विमानस्थल तथा हवाइउडानसम्बन्धी निर्णय गर्ने,
११. अन्तर्राष्ट्रिय व्यापार विनिमयसम्बन्धी कार्य गर्ने,
१२. राष्ट्रिय एकता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, युद्ध तथा प्रतिरक्षा, हातहतियार उत्पादन तथा खरिदसम्बन्धी कार्य गर्ने,
१३. भन्सार शुल्क सम्बन्धी निर्णय गर्ने,
१४. फौजदारी (चोरी, डकैती, हत्याहिंसा, बलात्कार आदि) तथा देवानी (धन सम्पत्ति आदि) मुद्दाको लागि कानुन निर्माण गर्ने,
१५. राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, सिमसार, वन, जलस्रोत, वातावरण संरक्षणसम्बन्धी नीति निर्माण गर्ने,
१६. स्वास्थ्य, सामाजिक सुरक्षा, गरिबी निवारण, पर्यटनसम्बन्धी नीति निर्माण गर्ने ।

# प्रादेशिक सरकारको काम, कर्तव्य तथा अधिकारः

१. जनताको जीउधन रक्षा र शान्ति सुरक्षाको लागि प्रहरी परिचालन गर्ने,

२. नेपाल राष्ट्र बैङ्क (केन्द्रीय बैङ्क) को नीति अनुरूप अन्य बैङ्क, सहकारी संस्था आदि सञ्चालन गर्ने,

३. घर जग्गा, सवारी साधन, पर्यटन, कृषि, विभिन्न सेवा शुल्क, मनोरञ्जन, विज्ञापन आदि क्षेत्रबाट कर उठाउने,

४.रेडियो, टेलिभिजन तथा एफ.एम. सञ्चालन गर्ने, प्रदेश स्तरका विद्युत, खानेपानी, सिंचाइ, सडक यातायात, स्वास्थ्य संस्था (अस्पताल, स्वास्थ्य केन्द्र) आदि सञ्चालन गर्ने,

५. प्रदेश सभा र प्रदेश मन्त्रिपरिषद् सम्बन्धी कार्य गर्ने,

६.भाषा, लिपि, संस्कृति, धार्मिकस्थल, स्मारक, सङ्ग्रहालय, गुठी तथा पर्यावरणीय सम्पदाको संरक्षण गर्ने,

८. कृषि, उद्योग, पर्यटन, व्यापार व्यवसाय, उद्योगधन्दा आदि क्षेत्रको विकासमा जोड दिने,

९.प्रदेशभित्रको सरकारी सेवा, कार्यालय, लोकसेवा आयोग सम्बन्धी कार्यलाई व्यवस्थित गर्ने,

१०. विद्यालय, विश्वविद्यालय, पुस्तकालय तथा सङ्ग्रहालयहरू संरक्षण तथा परिचालन गर्ने,

११. संविधानको मूल मर्म र भावनामा असर नपर्ने गरी प्रदेश विकासको लागि नीति नियम निर्माण गर्ने,

१२. सङ्घीय एवम् स्थानीय तहसँग समन्वय गर्ने,

१३. सङ्घीय सरकारको नीति निर्देशनअनुरूप अन्य कार्य गर्ने ।

# स्थानीय सरकारको काम, कर्तव्य तथा अधिकारः

प्रदेशभित्रै स्थानीय सरकार (गाउँ तथा नगरपालिका) पर्ने हुँदा यी दुईका कार्य क्षेत्रहरू लगभग उस्तै हुन्छन् । प्रदेशकै नीति निर्देशनअनुसार स्थानीय सरकारहरू सञ्चालित हुन्छन् । तर पनि स्थानीय सरकारका आफ्ना छुट्टै अधिकार क्षेत्रहरू रहेका हुन्छन्। । जस्तैः

१. शान्ति सुरक्षाका लागि नगर प्रहरी परिचालन गर्ने,

२. स्थानीय कर (घर जग्गा, सवारी साधन, पर्यटन, विज्ञापन, मनोरञ्जन, हाटबजार, मालपोत आदि) उठाउने,

३. आधारभूत तथा माध्यमिक विद्यालय सञ्चालन गर्ने,

४. सहकारी संस्था तथा एफ.एम. सञ्चालन गर्ने,

५. स्थानीय स्तरका आयोजनाहरू जस्तैः स्थानीय तथा ग्रामीण सडक, सिँचाइ, खानेपानी, साना जलविद्युत् आयोजना, वैकल्पिक ऊर्जा आदि परिचालन गर्ने,

६.स्थानीय हाटबजार, वातावरण तथा जैविक विविधताको संरक्षण गर्ने,

७.घरजग्गा धनीपुर्जा (लालपुर्जा वितरण गर्ने,

८. भाषा, संस्कृति, कला, धार्मिकस्थल तथा अन्य सार्वजनिक सम्पदाको संरक्षण गर्ने,

९. विपत् (आगलागी, बाढीपहिरो, भूकम्प, हावाहुरी, रोग सङ्क्रमण आदि) व्यवस्थापनको कार्य गर्ने,

१०. कृषि उत्पादन, पशुपालन, घरेलु उद्योग आदिको विकासमा जोड दिने

११. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन गर्ने कार्यमा सहयोग गर्ने, १२ गाउँ तथा नगर सभा सञ्चालन गर्ने।